# <u>बैठक सङ्ख्याः ४८</u>

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७९।०३।१५ गते बुधबार दिनको २:०० बजे बसेको बैठकका निर्णयहरुः-

१. इम्बोस्ड नम्बर प्लेट जडानका सम्बन्धमा भएका सम्पूर्ण सम्झौता तथा कागजात अविलम्ब उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पुनः स्मरण गराउने।

२. मिति २०७९।०३।०५ गते समितिले नेपाल सरकार, रक्षा मन्त्रालयलाई अमेरिकाको राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा आवद्धताका लागि अमेरिकासँग गरिएका सम्पूर्ण काम कारबाही तथा पत्राचार लगायतका कागजातहरु ५ दिनभित्र उपलब्ध गराउन पत्राचार गरेकोमा रक्षा मन्त्रालयले मिति २०७९।०३।१३ मा समितिलाई पठाएको पत्रमा माग गरिएका कुनैपनि कागजात संलग्न गरी पठाएको कुरा उल्लेख नगरिएको हुँदा मन्त्रालयलाई सम्पूर्ण कागजात एवम् विवरण तीन भित्र उपलब्ध गराउन निर्देशन दिने।

३. उद्योग तथा वाणिज्य नीतिमा गर्नुपर्ने सुधार र पेट्रोलियम पदार्थ माथिको निर्भरता कम गर्ने उपायका सम्बन्धमा मिति २०७९।३।१८.. र ..१९.. गते सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गरी छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो।